# लोक सेवा आयोग

अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह पदको
द्वितीय चरणको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति:-२०७९/०२/२१

समय:- २ घण्टा ३० मिनेट

पूर्णाङ्क:- १००

पत्र:- द्वितीय

विषयः समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन

(Contemporary Studies and Public Service Management)

निम्न प्रश्नहरूको उत्तर Section अनुसार बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड (Section) – A --- अंक - 35

निम्न प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस । (Write short answer of the following questions.)

1. नेपालको हिमाली तथा पहाडी प्रदेशका विशेषताहरू उल्लेख गर्नुहोस् । 5
   Mention the characteristics of mountain and hilly region of Nepal?

2. नेपालमा जलसम्पदाका स्रोतहरू र यसको बहुआयामिक उपयोगबारे उल्लेख गर्नुहोस् । 5
   What are the sources of water resources in Nepal? Describe the multidimensional use of its.

3. साँस्कृतिक विविधताले नेपालको राष्ट्रिय एकतामा कसरी योगदान गरेको छ? उल्लेख गर्नुहोस् । 5
   Mention, how the cultural diversity is contributing for National unity in Nepal?

4. नेपालको पन्ध्रौ योजना (2076/77-2080/81) का कुनै पाँचवटा राष्ट्रिय रणनीतिहरू उल्लेख गर्नुहोस् । 5
   Mention any five national strategies of the fifteenth plan (2076/77-2080/81) of Nepal.

5. बढ्दो शहरीकरणले जनसंख्या व्यवस्थापनमा पारिरहेको असरको संक्षिप्त समीक्षा गर्नुहोस् । 5
   Briefly overview the effects of increasing urbanization in the management of population.

निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस । (Write long answer of the following question.)

6. गरिबी र बेरोजगारी बीचको अन्तरसम्बन्धबारे प्रकाश पार्नुहोस् । नेपालमा बेरोजगारीको समस्या हल गर्न अपनाउनु पर्ने उपायहरू उल्लेख गर्नुहोस् । 3+7=10
   Describe the interrelationship between poverty and unemployment. What measures should be taken to solve the problems of unemployment in Nepal?

## खण्ड (Section) – B --- अंक - 35

निम्न प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस । (Write short answer of the following questions.)

7. नेपालको संविधान बमोजिम नागरिकका कर्तव्यहरू उल्लेख गर्नुहोस् । 5
   Mention the citizen's duties as per the provision of Constitution of Nepal.

8. सामाजिक सचेतना बढाउनको लागि नागरिक शिक्षाको योगदान कसरी हुन्छ? उदाहरणसहित लेख्नुहोस् । 5
   Write with examples the contributions of the civic education to increase the social awareness.

9. नजिर भन्नाले के बुझ्नुहुन्छ? न्यायिक प्रक्रियामा नजिरको महत्वबारे चर्चा गर्नुहोस् । 5
   What do you mean by precedent? Discuss the importance of precedent in judicial process.

क्रमशः

Scanned with CamScanner

10. नेपालमा सूचनाको हकलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न देखिएका समस्याहरू संक्षेपमा उल्लेख गर्नुहोस् । साथै सुशासन कायम गर्न सूचनाको हकले कस्तो भूमिका खेल्दछ? प्रष्ट पार्नुहोस् । 2.5+2.5=5
Briefly mention the problems of effective implementation of the right to information in Nepal. What role does the right to information play in maintaining good governance? Explain.

11. भ्रष्टाचार नियन्त्रण गर्न राष्ट्रिय सतर्कता केन्द्रको भूमिकाबारे चर्चा गर्नुहोस् । 5
Describe the role of National Vigilance Centre to control corruption.

निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस । (Write long answer of the following question.)

12. नेपालको संविधानका मुख्य-मुख्य विशेषताहरू उल्लेख गर्दै राज्यशक्तिको बाँडफाँटका सम्बन्धमा गरिएको व्यवस्थाबारे उल्लेख गर्नुहोस् । 5+5=10
Describe the major characteristics of Constitution of Nepal. Also explain the provisions made for the division of state power in the Constitution of Nepal.

## खण्ड (Section) – C --- अंक - 30

निम्न प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस । (Write short answer of the following questions.)

13. अभिलेख व्यवस्थापन भन्नाले के बुझिन्छ? अभिलेख व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने कुराहरू के-के हुन्? लेख्नुहोस् । 5
Define record management. What are the factors to be considered in record management?

14. सरकारी लेखा प्रणालीका विशेषताहरू उल्लेख गर्नुहोस् । 5
Mention the characteristics of Government Accounting System.

15. निजामती सेवा ऐन, 2049 मा कर्मचारीको वृत्ति विकास सम्बन्धी भएको व्यवस्था उल्लेख गर्नुहोस् । 5
Mention the provisions of career development of employees in Civil Service Act, 2049.

16. निजामती सेवा ऐन तथा नियमावली अनुसार कर्मचारीले पालना गर्नुपर्ने पेशागत आचरणहरू उल्लेख गर्नुहोस् । 5
Write the professional code of conducts to be followed by civil servants according to Civil Service Act and Regulation.

निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस । (Write long answer of the following question.)

17. नेपालमा सार्वजनिक सेवा प्रवाहका तरिका वा माध्यमहरू उल्लेख गर्नुहोस् । सार्वजनिक सेवा प्रवाहमा देखिएका समस्याहरू औंल्याई सेवा प्रवाह प्रभावकारी तुल्याउन के गर्नुपर्ला? सुझाव प्रस्तुत गर्नुहोस् । 3+3+4=10
Highlight the types or mechanism of public service delivery in Nepal. What are the problems in public service delivery and what should be done to make public service delivery effective?.

««« समाप्त »»»

Scanned with CamScanner